बैठक नं. २१
आ.व:०७९-८०
मितिः २०७९/११/०२
समयःबिहान०८:०० बजे

आज मिति २०७९ साल फागुन ०२ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

## तपशिल

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुवनारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्री नर्वदा देवी उपाध्याय | उपाध्यक्ष |
| वडा अध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडा अध्यक्ष श्री अग्नु यादव | सदस्य |
| वडा अध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडा अध्यक्ष श्री अरुण कुमार तिवारी | सदस्य |
| वडा अध्यक्ष श्री तेज नारायण पाल | सदस्य |
| वडा अध्यक्ष श्री अवधराज यादव | सदस्य |
| वडा अध्यक्ष श्री शैलेन्द्र कुमार पाण्डेय | सदस्य |
| वडा अध्यक्ष श्री चोक बहादुर थापा | सदस्य |
| श्री सकुन्तला मल्लाह | सदस्य |
| श्री सुनिता पासिन | सदस्य |
| श्री माधुरी धोबिन | सदस्य |
| श्री लक्ष्मी कुर्मी | सदस्य |
| श्री शुसिला वि.क. | सदस्य |
| श्री सोहन प्रसाद रजक | सदस्य |
| श्री सुरेश भण्डारी | सदस्य-सचिव |

## आमन्त्रित

श्री राम प्रसाद भट्टराई – लेखा अधिकृत
श्री पम्फा पन्थ – अधिकृत छैठौं

श्री नवराज ढुङ्गाना
श्री निरञ्जन गुप्ता

इञ्जिनियर
सं.पार्षद

प्रस्तावहरु:-

१. निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. योजना तथा कार्यक्रम अनुगमन सम्बन्धमा ।
३. नदिजन्य पदार्थको IEE सम्बन्धमा ।
४. गाउँपालिका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकहरु बिच मैत्रिपूर्ण क्रिकेट प्रतियोगिता सम्बन्धमा ।
५. १३ औं गाउँसभा सञ्चालन सम्बन्धमा ।
६. अर्धवार्षिक समिक्षा सम्बन्धमा ।
७. स्वास्थ्य संस्था दर्ता अनूमति सम्बन्धी निर्देशिका-२०७९ सम्बन्धमा ।
८. खर्च कटौती सम्बन्धमा ।
९. वडा नं.५ को वर्थिङ सेन्टरको लागि जग्गा प्राप्ती सम्बन्धमा ।
१०.O & M सम्बन्धमा ।
११.कार्यक्रम शंसोधन सम्बन्धमा ।
१२.औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।
१३.स्वास्थ्य संकट एवम् विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ पारित गर्ने सम्ब्रन्धमा ।
१४.मायादेवी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ निति २०७९ सम्बन्धमा ।
१५.प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
१६.सडकको जग्गा नेपाल सरकारको नाममा लगत कायम गर्ने सन्दर्भमा ।
१७.विविध ।

निर्णयहरु:-

निर्णय नं.१. प्रस्ताव नं.१ को सन्दर्भमा यस मायादेवी गाउँपालिकामा यस भन्दा अगाडी भएका निर्णयहरु माथी छलफल तथा समीक्षा गर्दा केही निर्णयहरु केन्द्रिय कानूनसंग बाझिएको देखिएकोले त्यस्ता निर्णयहरुलाई पुनरावलोकन गरी अगामी दिनमा सच्चयाएर कार्य अगाडी बढाउनु पर्ने देखीएकोले सोही अनुसार गर्ने गरी निर्णय गरियो ।

निर्णय नं.२. प्रस्ताव नं.२ को सन्दर्भमा यस मायादेवी गाउँपालिकामा यस भन्दा अगाडि एक लाख भन्दा माथिका योजनाहरु पालिका स्तरिय अनुगमन समितिले अनुगमन गरेपछी मात्र भुक्तानी दिने गरिएकोमा सम्पूर्ण योजनाहरुको अनुगमन गर्न असहज भएको र वडा अनुगमन समितिले समेत अनुगमन गर्ने भएकोले अब देखी दश लाख भन्दा माथिका योजनाहरुमा मात्र पालिका स्तरिय अनुगमन समितिबाट अनुगमन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३. प्रस्ताव नं.३ को सन्दर्भमा नदिजन्य पदार्थको लागि तिनाउ र दानव नदीको कुन-कुन घाटबाट ठेक्का लगाउन सकिन्छ संक्षिप्त वातावरणिय प्रभाव मूल्याङ्कन (IEE) गरी ठेक्का लगाउने निर्णय गरियो ।

निर्णय नं.४. प्रस्ताव नं.४ को सन्दर्भमा मायादेवी गाउँपालिका अन्तरगत रहेका सामुदायिक बिद्यालयहरुको शिक्षक कर्मचारी तथा मायादेवी गाउँपालिका वा अन्तरतका कार्यालयमा कार्यरत कर्मचारीहरुबिच यही महिनाको तेस्रो हप्तामा मैत्रिपुर्ण (T20) क्रिकेट प्रतियोगिता आयोजना मायादेवी गाउँपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** प्रस्ताव नं.५ को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको १३ औं हिउदे गाउँसभा मितिः- २०७९/११/०८ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं.६.** प्रस्ताव नं.६ को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको अर्धवार्षिक समिक्षा यही फागुन महिनाको तेस्रो हप्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.७.** प्रस्ताव नं.७ को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण निर्देशिका-२०७९ पारित गर्नको लागि गाउँ सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं.८.** प्रस्ताव नं.८ को सन्दर्भमा अर्थ मन्त्रालयको परिपत्र अनुसार खर्च कटौती गर्नको लागि तोकिएका शिर्षक अन्तर्गत वडा कार्यालय तथा शाखाहरुमा भएको कार्यक्रम तथा योजनाहरु कटौति गर्ने निर्णय गरियो ।

**निर्णय नं.९.** प्रस्ताव नं.९ को सन्दर्भमा यस मायादेवी गाउँपालिका वडा नं. ५ गोनाहा अन्तर्गत वर्थिङ सेन्टर निर्माण गर्नको लागि जिल्ला रुपन्देही साविक गोनाहा गाविस वडा नं.९'क' ३१४ को २-०-४ क्षेत्रफले मध्ये ०-८-१७ क्षेत्रफलमा वर्थिङ सेन्टर सहितको हेल्थपोष्ट निर्माण गर्ने निर्णय गरियो साथै सोही प्रयोजनको लागि जग्गा प्राप्ति गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०.** प्रस्ताव नं.१० को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको कर्मचारी दरवन्दी समायानुकुल व्यवस्थापन गर्न मान्छनिय भएकोले यस पालिकाले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन-२०७८ को विषयमा अध्ययन गरी अर्को बैठकमा स्विकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं.११.** प्रस्ताव नं.११ को सन्दर्भमा यस मायादेवी गाउँपालिकामा विभिन्न शाखाहरु तथा विभिन्न वडा कार्यालयहरुबाट प्राप्त टिप्पणी तथा निर्णय बमोजिम शंसोधनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२.** प्रस्ताव नं.१२ को सन्दर्भमा यस मायादेवी गाउँपालिका अन्तर्गत स्थायी रुपमा बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार बापतको रकम उपलब्ध गराउने सम्बन्धमा समितिबाट पेस भए बमोजिमका बिरामीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३.** प्रस्ताव नं.१३ को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ पारित गर्नको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४.** प्रस्ताव नं.१४ को सन्दर्भमा यस मायादेवी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ निति २०७९ पारित गर्नको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५.** प्रस्ताव नं.१५ यस मायादेवी गाउँपालिका वडा नं.६, साविक बर्सौली गा वि स ९ ख को कित्ता नं. ४६० को सन्दर्भमा यस गाउँपालिकाका अमिन श्री हृदेश कुमार बनियाँबाट पेश भएको प्रतिवेदन कार्यपालिकामा छलफल गरी उक्त जग्गामा अतिक्रमण गरी बनाइएका संरचनाहरु हटाउने निर्णय गरियो ।

**निर्णय नं.१६.** प्रस्ताव नं.१६ को सन्दर्भमा यस मायादेवी गाउँपालिका वडा नं. ७ साबिक हाटी वनगाई गाविस वडा नं. १-ख तथा वडा नं.७को नक्सामा रहेको मर्चवार जाने मुख्य सडकको जग्गा गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल सुदृढीकरण आयोजनाले अधिक्रण गरी मर्चवार जाने सडक निर्माण गरेकोमा सो सडकलाई नेपाल सरकारको नाममा लगत कायम गर्नको लागि गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल सुदृढीकरण आयोजनासंग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बडाउने निर्णय गरियो ।

**निर्णय नं.१७.** प्रस्ताव नं.१७ को सन्दर्भमा मायादेवी गाउँपालिका वडा नं. ७ अन्तर्गत मर्चवार सडक देखी कोमरवा जाने सडक आर.सि.सि. गर्ने सिलसिलामा सोही सडकमा जोखु पाल गडेरियाको टिनको टहरा सडकको क्षेत्राधिकार भित्र निर्माण भएको भन्ने सन्दर्भमा यस गाउँपालिकाको पूर्वाधार शाखा प्रमुख र अमिनको संयुक्त अनुगमन प्रतिवेदन पेश भए पश्चात् कारवाही अगाडी बढाउने निर्णय गरियो ।
साथै यस मायादेवी गाउँपालिकामा सरुवा भइ आउनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश भण्डारीलाई सफल कार्यकालको शुभकामना एवम् स्वागत गर्दै सम्पूर्ण उपस्थितिमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बैठक समापन गरियो ।